## संस्था दर्ता, नवीकरण, विधान संशोधन र संस्था खारेजीका लागि आवश्यक कागजातहरुः

**संस्था दर्ताका लागि आवश्यक कागजातहरुः**

१. संस्था दर्ताको लागि जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोकलाई सम्बोधन गरेको तदर्थ समितिका पदाधिकारी र सदस्यहरुले हस्ताक्षर गरेको तोकिएको ढाँचाको निवेदन,

२. सम्बन्धित स्थानीय तह (नगरपालिका/महानगरपालिका) को सिफारिश,

३. नेपाली कागजमा प्रिन्ट गरी तदर्थ समितिका सम्पूर्ण पदाधिकारीहरुले प्रत्येक पानामा हस्ताक्षर गरेको ३ प्रति विधान,

४. संस्थाका तदर्थ समितिका पदाधिकारी तथा सदस्यहरुको नाम, ठेगाना, सम्पर्क नं., इमेल, हस्ताक्षर र फोटो सहितको विवरण देहायको ढाँचामा,

| पद | नाम, थर | ठेगाना | सम्पर्क नं. | इमेल | हस्ताक्षर | फोटो |
|---|---|---|---|---|---|---|
| अध्यक्ष | | | | | | |
| ...... | | | | | | |

५. संस्था स्थापनाको लागि तदर्थ कार्य समितिको ३ गुणा बढीको भेलाले निम्न विषयहरु उल्लेख गरी सर्वसम्मत निर्णय गरेको हुनुपर्ने,
- तदर्थ समिति गठन गर्ने,
- संस्थाको नाम र ठेगाना छनौट गर्ने,
- विधान मस्यौदा उपसमिति गठन गर्ने।

६. तदर्थ कार्यसमितिले निम्न विषयहरु उल्लेख गरी सर्वसम्मत निर्णय गर्नेः
- तदर्थ समितिले विधान मस्यौदा पारित गरी स्वीकृतिका लागि स्थानीय अधिकारी समक्ष पेश गर्ने,
- संस्था दर्ताको लागि जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोकमा दर्ताका लागि जाने पदाधिकारीहरुलाई दिईएको अख्तियारी।

७. स्वयंले प्रमाणित गरेको तदर्थ समितिका सबै पदाधिकारीहरुको नागरिकताको फोटोकपी,

८. तदर्थ समितिका पदाधिकारी तथा सदस्यहरुको चालचलन सम्बन्धी प्रहरी प्रतिवेदन,

९. जिल्ला प्रशासन कार्यालयको नाममा जम्मा भएको रु. १०००।- को बैंक भौचर।

**संस्था नवीकरणका लागि आवश्यक कागजातहरुः**

- सम्बन्धित संस्थाको संस्था नवीकरण गरी पाउँ भन्ने सम्बन्धी निवेदन,
- सम्बन्धित स्थानीय तहको संस्था नवीकरणका लागि सिफारिस,
- संस्थाको कर चुक्ताको प्रमाणपत्र,
- संस्था नवीकरण गर्ने सम्बन्धमा कार्यसमितिले गरेको निर्णय (माईन्युट),
- लेखापरीक्षण प्रतिवेदन (नवीकरण गर्नुपर्ने सबै आर्थिक वर्षहरुको),
- लेखापरीक्षकको इजाजतपत्र/अनुमतिपत्र,
- वार्षिक प्रगति प्रतिवेदन,

प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

- संस्थाको प्यान दर्ता प्रमाण पत्र (PAN),
- समाज कल्याण परिषद्मा दर्ता रहेको भए सो को प्रमाणपत्र,
- बैंक भौचर (रु. ५०० एक आ.व.को) + जरिवानामा परेको भए प्रत्येक आ.व.को थप रु.१०००/-
- संस्था दर्ता प्रमाण पत्र प्रतिलिपि + सक्कलै प्रमाणपत्र।

**<u>संस्थाको विधान संशोधनका लागि आवश्यक कागजातहरु:</u>**

- संशोधित विधान स्वीकृत गरी पाउँ भनि रीत पूर्वकको निवेदन,
- संशोधनका लागि तीन महले विधान -३ (तीन) प्रति,
- नवीकरण भएको संस्थाको प्रमाणपत्र र सोको प्रतिलिपी,
- संशोधन गर्ने प्रस्ताव कूल सदस्य संख्याको दुई तिहाई (२/३) साधारण सभा सदस्यहरुले पारित गरेको प्रमाणित निर्णय प्रति,
- जिल्ला प्रशासन कार्यालयले स्वीकृत गरेको संस्थाको विधानको प्रमाणित प्रतिलिपि,
- संशोधित विधानको युनिकोडमा टाईप गरी सोको softcopy सहित पेश गर्ने।

**<u>संस्था खारेजीका लागि आवश्यक कागजातहरु:</u>**

- संस्था खारेजीका लागि जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोकलाई सम्बोधन गरेको तोकिएको ढाँचाको निवेदन,
- साधारण सभाबाट दुई तिहाईले संस्था खारेजी गर्ने भनी गरेको निर्णयको माइन्यूटको प्रतिलिपिका साथै विधानमा व्यवस्था भए बमोजिमको प्रक्रिया पूरा गरेको देखिने कागजातहरु,
- संस्था नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपी,
- संस्थाको चालु आ.व. को आय व्यय र लेखा परीक्षण प्रतिवेदन,
- स्थानीय तहको संस्था बन्द गर्ने व्यहोराको सिफारिस पत्र,
- संस्थाको प्यान दर्ता प्रमाण पत्र (PAN) र अघिल्लो आ.व. सम्मको कर चुक्ता प्रमाणपत्र,
- लेखा परीक्षक र लिक्वीडेटरको प्रतिवेदन,
- संस्थाको बैंकमा खाता भए बैंक स्टेटमेन्ट,
- संस्थाको बैंकमा खाता खोलिएको नभए नेपाल राज्य भित्र कुनै बैंकमा खाता नभएको व्यहोराको संस्थाको सिफारिस पत्र,
- संस्था खारेजी पश्चात् नेपाल सरकारको नाममा प्राप्त हुने चल/अचल सम्पत्तिको विवरण,
- आवश्यकता अनुसार प्रहरी सर्जमिन समेत बुझ्न सकिने।

प्रशासकीय अधिकृत